# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१)  काठमाडौं, वैशाख २६ गते  २०६८ साल  (संख्या ४

## भाग ५

नेपाल सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने युरो १५,१५०.०० (पन्ध्र हजार एक सय पचास) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने Lens holders समेतका सामाग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बांकी भन्सार महसुल तथा मुल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जका लागि Olympus Corporation, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १०,०३८.०० (दश हजार अठतीस) मुल्य बराबरको Video Gastrovideoscope थान एक आयातमा एक प्रतिशत भन्सार महसूल असुल गरी बांकी भन्सार महसुल तथा मूल्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकारले अर्थिक ऐन, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योति संघ नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित भरतपुर आँखा अस्पताल, चितवनका लागि पाकिस्तानी राजदुतावास, काठमाडौंबाट उपहार स्वरुप प्रदान गरिने जापानी येन २७,५०,०००.०० (सत्ताइस लाख पचास हजार) मूल्य बराबरको Ophthalmic Instruments स्वास्थ्य उपकरण एक थान आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा, काठमाडौंद्वारा सञ्चालित टीम अस्पताल, डडेलधुरा, चौरजहारी अस्पताल, रूकुम र लमजुङ्ग अस्पताल, लमजुङ्गका लागि DHM, Germany बाट उपहार स्वरूप प्रदान गरिने यूरो २७,९००.०० (सताईस हजार नौ सय) मूल्य बराबरको Digital X-ray machine समेतका स्वास्थ्य सामग्रीहरू आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, ललितपुरका लागि Novartis Pharma AG, Switzerland बाट उपहार स्वरूप प्रदान गरिने CHF १७,२०,३२०.०० (सत्र लाख बीस हजार तीन सय बीस) मूल्य बराबरको क्यान्सर रोगको उपचारमा प्रयोग हुने Glivec औषधि आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग अन्तर्गत राष्ट्रिय ट्रकोमा कार्यक्रमका लागि Golbal Health Solutions, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १९,०१,५२०.०० (उन्नाईस लाख एक हजार पाँच सय बीस) मल्य बराबरको Zithromax औषधि आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
राजीव गौतम
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित मूल्य रु. ५।-
गो.द.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।